## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१ साल साउन २३ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
| --- | --- | --- |
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम २६ को उपनियम (१), (२) र (३) बमोजिम देहाय बमोझिमका मन्त्रिपरिषद्को समिति गठन गर्ने।<br>१. राजनैतिक समिति<br>मुख्यमन्त्री, कर्णाली प्रदेश सरकार - संयोजक<br>मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य<br>मन्त्री, भुमि, व्यवस्था, कृषी तथा सहकारी मन्त्रालय -सदस्य<br>२. आर्थिक, सामाजिक तथा पूर्वाधार समिति<br>मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय -संयोजक<br>मन्त्री, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय -सदस्य<br>मन्त्री, जलस्रोत तथा उर्जा विकास मन्त्रालय -सदस्य<br>३. प्रशासन तथा विधेयक समिति<br>मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय - संयोजक<br>मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - सदस्य<br>मन्त्री, सामाजिक विकास मन्त्रालय - सदस्य |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा व्यवस्था भएका कर्णाली प्रदेश सरकारका मन्त्रालयहरूको कार्य विभाजन तथा कार्य जिम्मेवारीको अध्ययन गरी प्रदेश सरकारका मन्त्रालयको कार्यबोझ, कार्यप्रकृति र कार्यक्षेत्र समेतको आधारमा मन्त्रालयहरूको कार्य विभाजन, हेरफेर तथा कार्य जिम्मेवारीको पुनरावलोकन सम्बन्धमा तीन महिनाभित्र कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू समक्ष प्रतिवेदन पेस गर्न देहाय बमोजिमको समिति गठन गर्नेः-<br>१. अध्ययन समिति<br>मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय -संयोजक<br>मन्त्री, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्राल -सदस्य<br>सचिव, प्रशासन तथा बैठक व्यवस्थापन महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, -सदस्य<br>सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, -सदस्य<br>उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार शाखा -सदस्य सचिव<br>कार्यजिम्मेवारी (TOR):<br>१. प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कर्णाली |

| क.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| | | प्रदेश सरकारका मन्त्रालयहरूको कार्यबोझ, कार्य प्रकृति र कार्यक्षेत्र समेतको अध्ययन गरी समसामयिक सुधार गर्न आवश्यक सुझाव सहितको प्रतिवेदन तीन महिनाभित्र पेस गर्नु पर्नेछ।<br>२. अध्ययन समितिले आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।<br>३. अध्ययन समितिलाई कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम बैठक भत्ता उपलब्ध गराइनेछ।<br>४. अध्ययन समितिको कार्यविधि सो समिति आफैले निर्धारण गर्न सक्नेछ। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ३ को उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम देहायका व्यक्तिलाई नियुक्ति गर्नेः-<br>देहायः<br>१. श्री सूर्यनाथ योगी, वीरेन्द्रनगर नगरपालिका, वडा नं.४, सुर्खेत - उपाध्यक्ष<br>२. श्री डम्मर बहादुर रावल, छायाँनाथ रारा नगरपालिका, वडा नं. ५, मुगु - सदस्य<br>३. श्री अशोकनाथ योगी, रास्कोट नगरपालिका, वडा नं.३, कालिकोट - सदस्य |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | "कर्णाली प्रदेश निजामती सेवा पुरस्कार वितरण कार्यविधि, २०८१" स्वीकृत गर्ने। |
| ५. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | "कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक" परामर्शका लागि कर्णाली प्रदेश लोक सेवा आयोगमा पठाउने। |
| ६. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | कर्णाली प्रदेश सरकारका मन्त्रालयहरुको एकीकृत प्रशासनिक भवन निर्माण एवम् प्रदेश मन्त्रालय समेतका सार्वजनिक कार्यालयहरु रहेको क्षेत्रमा घेरा पर्खाल निर्माण गर्न निर्धारित "प्रदेश मन्त्रालयहरुको एकीकृत प्रशासनिक भवन निर्माण" आयोजनालाई प्रदेश गौरवको आयोजनामा समावेश गर्ने। |
| ७. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | "कर्णाली प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने।" |